# मूल्य अभिवृद्धि कर (आठौं संशोधन) नियमावली, २०६२

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ लाई संशोधन गर्न वान्छनीय भएकोले,

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "मूल्य अभिवृद्धि कर (आठौं संशोधन) नियमावली, २०६२" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ मा संशोधन** : मूल्य अभिवृद्धि कर नियमावली, २०५३ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ६ को उपनियम (१) को प्रतिवन्धात्मक वाक्यांश झिकिएको छ ।

३. **मूल नियमावलीको नियम ७ मा संशोधन** : मूल नियमावलीको नियम ७ को,-

(१) उपनियम (१) मा रहेका "आगामी तीन महिनामा आफ्नो" भन्ने शब्दहरुको सट्टा "वार्षिक" भन्ने शब्द राखिएको छ ।

(२) उपनियम (२) पछि देहायको उपनियम (३), (४) र (५) थपिएका छन् :-

"(३) कुनै करदाताले आफ्नो कारोबारको सीमा बीस लाख रुपैंया नभएको दावी गरेको विषय उपर कर अधिकृतलाई शंका लागेमा निजले त्यस्तो करदाताको स्वीकृतिमा पेशागत संस्थासँग परामर्श गर्न सक्नेछ ।

(४) ऐनको दफा १० को उपदफा (२) बमोजिम दर्ता गर्नुपर्ने वस्तु वा सेवाको कारोबार गरेका व्यक्तिले यो उपनियम प्रारम्भ भएको मितिले तीस दिनभित्र त्यस्तो कारोबार दर्ता गर्नु पर्नेछ ।

(५) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले गरेको कारोबारको सम्बन्धमा देहायको अवस्था भएमा त्यस्तो कारोबार कार्यालयमा दर्ता गर्नु पर्नेछः-

(क) कर अधिकृतले निरीक्षण गर्दाका बखत कारोबार गर्ने व्यक्तिसँग रहेको वस्तुको प्रकृतिको आधारमा विभागले तोकेको रकमभन्दा बढी मूल्यको वस्तु मौज्दात भएमा,

(ख) कुनै व्यक्तिको टेलिफोन महसुल र घर वहाल गरी वार्षिक एक लाख रुपैंयाभन्दा बढी खर्च भएमा, वा

(ग) विभागले तोकेको बजार वा सडक क्षेत्रभित्रको विभागले तोकेको निश्चित क्षेत्रफलमा कुनै व्यक्तिको कारोबार स्थल भएमा ।"

४. **मूल नियमावलीमा नियम १४क. थप** : मूल नियमावलीको नियम १४ पछि देहायको नियम १४क. थपिएको छः-

"१४क. करपाटीको व्यवस्था : करदाताले यो नियम प्रारम्भ भएको मितिले तीस दिनभित्र कारोबार स्थलमा सबैले देख्न सक्ने गरी विभागले तोकेको ढाँचामा करपाटी राख्नु पर्नेछ । "

५. **मूल नियमावलीको नियम १७ मा संशोधन** : मूल नियमावलीको नियम १७ को ,-

(१) उपनियम (१) मा देहायको वाक्यांश थपिएकोछ :-

"त्यसरी कर बीजक जारी गर्दा कुनै वस्तुको किसिम, साइज, मोडल र ब्राण्ड भएमा सो खुलाउनु पर्नेछ ।"

(२) उपनियम (३), (४) र (५) झिकिएका छन् ।

६. <u>**मूल नियमावलीको नियम ४६ मा संशोधन**</u> : मूल नियमावलीको नियम ४६ मा रहेका "फिर्ता दिनुपर्ने रकम" भन्ने शब्दहरु झिकिएका छन् ।

७. <u>**मूल नियमावलीमा नियम ५८क. थप**</u> : मूल नियमावलीको नियम ५८ पछि देहायको नियम ५८क. थपिएकोछ :-

"५८क. <u>कर सहयोगी राख्न सक्ने :</u> (१) करदाताले कर सम्बन्धमा आवश्यक जानकारी तथा सहयोग लिन कर सहयोगी राख्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको कर सहयोगीको लागि आवश्यक पर्ने योग्यता, निजको स्तर लगायत अन्य व्यवस्था विभागले तोके बमोजिम हुनेछ ।"